विश्वका सर्वहारा र उत्पीडित राष्ट्रहरु एक होऔं ।
नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)
केन्द्रीय कमिटी
Workers and oppressed nations of the world unite!
COMMUNIST PARTY OF NEPAL (MARXIST-LENINIST)
Central Committee

च.नं./Ref. No.: ...............

# प्रेस विज्ञप्ति

गत सोमवारदेखि आएको अविरल वर्षाका कारण देशका विभिन्न क्षेत्रमा गएको वाढी, पहिरोमा परी दर्जनौं नागरिकको ज्यान गएको छ । दर्जनौंको संख्यामा वेपत्ता, घाइते तथा अङ्गभङ्ग र सयौं घरपरिवार विस्थापित हुन पुगेका छन् । करोडौंको धनमाल क्षति भएको छ । खासगरी प्युठान, बागलुङ, दाङ, रोल्पा, पाल्पा, मकवानपुर, कपिलवस्तु, झापा, उदयपुर, रुपन्देही, अर्घाखाँची, काठमाडौं, पर्वत, सर्लाही, दोलखा, बारा, बाँके लगाएतका जिल्लाहरु वढी प्रवाहित भएका छन् ।

नेकपा (माले) यस विपद्को समयमा मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । शोक संतप्त परिवार तथा आफन्तजनमा गहिरो समवेदना प्रकट गर्दै धैर्यधारण गर्न कामना गर्दछ । घाइते तथा अङ्गभङ्ग हुनु भएका नागरिकहरुको शिघ्र श्वास्थ्यलाभको कामना गर्दछ । वेपत्ता नागरिकको खोजी कार्यलाई तीव्रता दिन नेपाल सरकार सँग जोडदार माग गर्दछ भने विस्थापित तथा घरवारविहिन परिवारहरुको गास, वास तथा आवासको उचित व्यवस्थापन गर्नुका साथै राहत तथा पुनर्स्थापन कार्यलाई थप प्रभावकारी वनाउन सरकारले तदारुकता देखाओस् भनी माग गर्दछ ।

यस्ताखाले आइपर्ने विपद्को सामना गर्न सवै एकजुट भएर लाग्नु पर्ने आवश्यकता वोध गर्दै सरकारको ध्यान जाओस् भन्ने आग्रह गर्दछ । जनताको सुरक्षित बसोबासका निम्ति आवश्यक सेटलमेण्ट निर्माणको नीति निर्माण गरी अविलम्व कार्यान्वयन गरोस् भनी जोडदार माग गर्दछौं ।

मिति : १३ श्रावण, २०७३

सी.पी.मैनाली
महासचिव

केन्द्रीय कार्यालय:
रातोपुल, काठमाण्डौं, नेपाल
फोन : +९७७-१-४४६९०३३

E-mail: cpnml.cc@gmail.com
Website: www.cpnml.org
Post Box: 13613, Kathmandu, Nepal

Central Office:
Ratopul, Kathmandu, Nepal
Tel: +977-1-4469033, Fax: 4469035